# पुथा उत्तरगङ्गा गाउँपालिका

## गाउँ कार्यपालिका बैठकको प्रस्ताव एवं निर्णयहरु

### बैठक सङ्ख्याः ४७, बैठक मितिः २०८२।०६।०५, समयः बिहान ११:०० बजे

| क्र.स. | प्रस्तावहरु | निर्णयहरु | कै. |
|---|---|---|---|
| १ | अघिल्लो बैठकको निर्णयहरूको समीक्षा तथा कार्यान्वयन सम्बन्धमा । | यस गाउँ कार्यपालिकाको ४६ औं कार्यपालिका बैठकमा भएका विभिन्न निर्णयहरू कार्यान्वयनको समीक्षात्मक छलफल र कार्यान्वयको लागि आवश्यक कार्य गर्नेतर्फ अग्रसर हुने निष्कर्षका साथ सदस्यहरूको गणपूरक सङ्ख्या पुगेकोले ४७ औं कार्यपालिका बैठक प्रारम्भ गरियो । | |
| २ | क्याम्पस स्थापना सम्बन्धमा । | मिति २०८२।०४।२८ गतेको गाउँ शिक्षा समितिको निर्णय तथा मिति २०८२ साल असोज ४ गतेको आमभेलाको निर्णयानुसार पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. १० तकमा पुथा उत्तरगङ्गा बहुमुखी स्नातक तह क्याम्पस नामाकरण गरी क्यामपस सञ्चालन सम्बन्धन अनुमति प्रक्रियाको लागि ११ सदस्य क्याम्पस सञ्चालन समित गठन गरी सोही सञ्चालन समिति मार्फत क्याम्पस सञ्चालनका सम्पूर्ण प्रक्रियाहरु अगाडी बढाउने निर्णय बमोजिम विभिन्न विश्वविद्यालयहरुसँग क्याम्पस सञ्चालन सम्बन्धन अनुमती प्रक्रिया अगाडी बढाउनको लागि सम्बन्धित निकायमा पहलको निम्ति गाउँ कार्यपालिकाबाट सिफारिस दिने निर्णय गरियो । | |
| ३ | उर्जाकोष स्थापना तथा समिति गठन सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिका भित्र रहेका साना तथा मझौला माइक्रो हाइड्रो तथा लघु जल विद्युतहरुको मर्मत सम्भारको लागि छुटै उर्जा शाखा स्थापना गरी उर्जा कोष सञ्चालन गर्ने र गाउँपालिकामा सञ्चालित सम्पूर्ण साना तथा मझौला माइक्रो हाइड्रो तथा लघु जल विद्युत सञ्चालन समिति गठन गरी उक्त समति मार्फत मासिक महसुल बाफतको रकम उर्जाकोषमा रकम जम्मा गर्ने र उक्त कोष मार्फत नै विद्युतको मर्मत तथा अपरेटरलाई पारिश्रमिक दिने निर्णय गरियो ।साथै यस गाउँपालिका भित्र रहेका साना तथा मझौला माइक्रो हाइड्रो तथा लघु जल विद्युतहरु नियमन, व्यवस्थापन तथा सञ्चालनका लागि नीति तर्जुमा गर्न, निर्देशन दिन र आवश्यक निर्णय गर्न गाउँपालिका स्तर र वडा स्तरमा देहाय अनुसार निर्देशक समिति गठन गरिनेछ ।साथै नयाँ जडानको लागि जडान शुल्क गाउँपालिका स्तरीय निर्देशक समितिले निर्धारण गरेको जडान शुल्क मात्र लागु हुने छ ।<br><br>गाउँपालिका स्तरीय निर्देशक समितिको<br>१. पुनिराज घर्ति — संयोजक<br>२. नरपुरा बुढा पुन — सदस्य<br>३. राजकुमार सुनार — सदस्य<br>४. जानु छन्त्या — सदस्य<br>५. ध्रुव वि.क. — सदस्य<br>६. सम्बन्धि वडाका वडा अध्यक्षहरु — सदस्य | |